सिद्ध कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोरजौर, सल्यान
कर्णाली प्रदेश, नेपाल
२०७३

बैठक संख्याः २०८२/८३-१०

आज मिति २०८२/११/१५ गते शुक्रबारको दिन बिहान ८ वजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको १० औं बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको बैठकहलमा देहायको सदस्यहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरी विभिन्न निर्णयहरु गरियो।

**उपस्थितिः**

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | श्री प्रतिभा वली खड्का | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक वहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज वोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | |

**अन्य उपस्थितिः**

१. श्री जनकराज जोशी — बरिष्ठ लेखा अधिकृत

२. श्री भिमलाल भण्डारी — सुचना प्रविधि अधिकृत सातौं तह

३. श्री हिमा कुमारी रेउले — का स

Scanned with CamScanner

Scanned with CamScanner

सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स. २०८२।८३
च.न.

मिति २०८२/११/१५ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. प्रदेश समपुरक अनुदान योजना माग सम्बन्धमा ।
३. प्रदेश विशेष अनुदान योजना माग सम्बन्धमा ।
४. शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।
५. सडक बोर्ड द्वारा विनियोजित सडक मर्मत सम्भार सम्वन्धि वजेट स्वीकृत सम्वन्धमा ।
६. लक्षित वर्ग सम्वन्धि विविध कार्यक्रमहरु छनौट सम्वन्धमा ।
७. राजश्व रकम फिर्ता गर्ने सम्वन्धमा ।
८. विविध सम्वन्धमा ।

Scanned with CamScanner
Scanned with CamScanner

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/१०/१३ गते बसेको गाउँ कार्यपालिकाको नवौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा व्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ प्रदेश समपुरक अनुदान योजना माग सम्बन्धमा ।**

**निर्णय नं २:**

कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८१।११।०१ गते प्रकाशित सुचना अनुसार आगामी आव २०८३।८४ का लागि कार्यान्वयन हुने प्रदेश समपुरक अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गरि पठाउने निर्णय गरियो ।

| प्राथमिकीकरण नं | आयोजना/ कार्यक्रम | कुल लागत प्रस्तावित रकम |
|---|---|---|
| १ | झारगाउँ-मर्मालचौर-सिमपाखा हुदै उचाल्ने जोड्ने सडक | २ करोड |
| २ | सिद्धेश्वरी स्वास्थ्यचौकी भवन निर्माण | १ करोड |
| ३ | निराजन माविभवन ८ कोठे पक्की भवन निर्माण | २ करोड |

**प्रस्ताव नं ३ प्रदेश बिशेष अनुदान योजना माग सम्बन्धमा ।**

**निर्णय नं ३:**

कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८१।११।०१ गते प्रकाशित सुचना अनुसार आगामी आव २०८३।८४ का लागि कार्यान्वयन हुने प्रदेश बिशेष अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गरि पठाउने निर्णय गरियो ।

| प्राथमिकीकरण नं | योजना/ कार्यक्रम | कुल लागत प्रस्ताव रकम |
|---|---|---|
| १ | विधुतिय उर्जा विस्तार कार्यक्रम | ६० लाख |
| २ | कृषि उपज चिस्यान केन्द्र निर्माण | ६० लाख |
| ३ | मातृ तथा बालबालिका पोषण सुधार कार्यक्रम | ६० लाख |

**प्रस्ताव नं ४ शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।**

निर्णय नं-४

सिद्ध कुमाख गाउँपालिका गाउँ शिक्षा समितिले मिति २०८२/११/१४ गते गरेका निर्णयहरु छलफल गरी सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

Scanned with CamScanner

**प्रस्ताव नं ५  सडक बोर्ड द्धारा विनियोजित सडक मर्मत सम्भार सम्बन्धि बजेट स्वीकृत सम्वन्धमा ।**

**निर्णय नं ५:**

सडक बोर्ड नेपालको मिति २०८२/०९/२८ को च.नं. ६७९ को पत्र अनुसार यस गाउँपालिका अन्तर्गत सडक मर्मत सम्भार कार्यका लागी रु ५ लाख बजेट स्वीकृत गरि पठाइएकोले उक्त बजेट द्धारा देहायको सडक मर्मत गर्ने सहमतिका लागि सडक बोर्ड नेपालमा लेखि पठाउने निर्णय गरियो। साथै सडक बोर्ड नियामावली २०६० को परिच्छेद ३ नियम ९ बमोजिम गाउँपालिकाबाट समपुरक कोष २० प्रतिशत अन्य निकाय साझेदारी शिर्षकबाट बेहोर्ने प्रतिवद्धता समेत व्यक्त गर्ने निर्णय गरियो ।

| क्र.स. | मर्मत गर्नु पर्ने सडक | ठेगाना | सडक वोर्डबाट | पालिकाबाट | जम्मा स्वीकृत बजेट |
|---|---|---|---|---|---|
| १. | त्रिवेणी देखि भडारे सडक स्तरोन्नती | सिद्ध कुमाख २ सल्यान | ५ लाख | १ लाख | रु ६ लाख |

**प्रस्ताव नं ६- लक्षित वर्ग सम्वन्धि विविध कार्यक्रमहरु छनौट सम्वन्धमा ।**

निर्णय नं-६

सिद्ध कुमाख गाउँपालिका आ. व. २०८२/८३को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार लक्षित वर्ग सम्वन्धि विविध कार्यक्रमहरु शिर्षकबाट तपशिल बमोजिमको कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| क्र.स. | कार्यक्रमहरु | वजेट | कैफियत |
|---|---|---|---|
| १ | कटाइ सिलाई एडभान्स तालिम संचालन | रु ५ लाख | |

**प्रस्ताव नं ७- राजश्व रकम फिर्ता सम्वन्धमा ।**

निर्णय नं-६

सिद्ध कुमाख ३ ढोरचौर सल्यान निवासी निवेदक श्री भुम वहादुर गिरीले जग्गाधनी ज्ञानी कुमारी गिरीको नाममा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं १८०९ र १८११ को जग्गामा भएको घरको अभिलेखिकरण गर्न मिति २०८२/०८/२९ मा निवेदन दिइ कागजात जाँचवुझ गर्दा घर नक्सा अभिलेखिकरण गर्न मनासिव नदेखिएको तर जग्गाधनि ज्ञान कुमारी गिरीले दर्ता अभिलेखिकरण वापत तिर्नुपर्ने दस्तुर बुझाई उक्त राजश्व बापतको सेवा यस कार्यालयवाट नलिएकोले निज ज्ञानी कुमारी गिरीको राजश्व फिर्ता गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

Scanned with CamScanner